


# नेपाल राष्ट्र बैंक समाचार

वर्ष ४३ | अंक ७ | नेपाल राष्ट्र बैंक समाचार | चैत्र २०७५ | मार्च-अप्रिल २०१९

## बैंक तथा वित्तीय संस्था अब सामान्य रूपमा चलाउन सकिँदैन – गभर्नर डा. नेपाल

गभर्नर डा. चिरंजीबि नेपालले वित्तीय प्रविधि (FinTech) र पैसाको स्थानान्तरणका कारण बैंकिङ तथा वित्तीय क्षेत्र विकसित र जटिल हुँदै गएकोले बैंक तथा वित्तीय संस्था अब सामान्य रूपमा चलाउन नसकिने बताउनु भएको छ ।



गभर्नर डा. नेपालको प्रमुख आतिथ्यमा नेपाल राष्ट्र बैंक, वित्तीय जानकारी एकाइले २०७५ फागुन १९ गते काठमाडौंमा आयोजना गरेको अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले बैंक तथा वित्तीय संस्थाहरूले अन्तर्राष्ट्रिय कानुन र नियमनका साथै स्थानीय नीति-नियम तथा निर्देशनको पालना गरी कारोबार सञ्चालन गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

सम्पत्ति शुद्धीकरण निवारण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रण सम्बन्धी कार्यमा अरु देश भन्दा हामी पछि रहेको उल्लेख गर्दै उहाँले सो सम्बन्धी अन्तर्राष्ट्रिय प्रावधान तथा सुझावहरू पालना गर्नमा कन्ज्युस्याइ गर्न नहुनेमा जोड दिनुभयो । साथै, उहाँले वित्तीय क्षेत्र बढी संवेदनशील हुँदै गएको र भ्रष्टाचारजन्य गतिविधि तथा आर्थिक अनियमितता दिनानुदिन बढ्दै गइरहेको अवस्थामा गैरकानुनी रूपबाट आर्जन गरेको सम्पत्तिलाई शुद्ध गर्न बैंकिङ माध्यम प्रयोग हुन सक्ने सम्भावना भएकोले यस्तो क्रियाकलापलाई न्यूनीकरण गर्न बैंकिङ क्षेत्र सदा तत्पर रहनु पर्ने बताउनु भयो ।

अन्तरक्रियामा गभर्नर डा. नेपालले बैंक तथा वित्तीय संस्थाहरू निजी क्षेत्र भए तापनि सर्वसाधारणको शेयर पुँजी र निक्षेपबाट कारोबार सञ्चालन गर्ने निकाय भएकोले सार्वजनिक सरह भएको चर्चा गर्दै केन्द्रीय बैंकको निर्देशन पालना गराउनमा ती संस्थाका प्रमुख कार्यकारी अधिकृतहरू बढी जिम्मेवार हुने भएकोले यसतर्फ जागरुक भएर लाग्नु पर्ने धारणा व्यक्त गर्नुभयो ।

अन्तरक्रियामा बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक नारायणप्रसाद पौडेलले बैंक तथा वित्तीय संस्थाहरू सम्पत्ति शुद्धीकरण निवारण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रण सम्बन्धी नियमन व्यवस्था पालना गर्न अझ प्रभावकारी ढंगले अगाडि बढ्नु पर्ने धारणा व्यक्त गर्दै यसका लागि बैंक तथा वित्तीय संस्थाका कर्मचारीहरूलाई प्रशिक्षित र सुसूचित गर्नुपर्ने आवश्यकता औंल्याउनु भयो ।

बाँकी ११ पृष्ठमा

## नेपाल इन्फ्रास्ट्रक्चर बैंक सञ्चालनमा

पूर्वाधार विकासका क्षेत्रमा लगानी गर्न स्थापित नेपाल इन्फ्रास्ट्रक्चर बैंक (Nepal Infrastructure Bank) २०७५ फागुन २२ गतेदेखि सञ्चालनमा आएको छ । सोही दिन काठमाडौंमा आयोजित एक समारोहका बीच अर्थमन्त्री डा. युवराज खतिवडाले उक्त बैंकको उद्घाटन गर्नुभयो ।



सो अवसरमा उद्घाटन मन्तव्य व्यक्त गर्दै अर्थमन्त्री डा. खतिवडाले मुलुकको आवश्यकता अनुसार पर्यटन, जलविद्युत, शहरी पूर्वाधार लगायतका क्षेत्रमा दीर्घकालीन लगानी गर्ने बैंक सञ्चालनमा आएको बताउनु भयो ।

पूर्वाधार विकास बैंकले साना साना निक्षेपमा प्रतिस्पर्धा नगरी दीर्घकालीन प्रकृतिका उपकरणहरू जस्तैः लामो अवधिको डिपोजित सर्टिफिकेट वा वण्ड मार्फत स्रोत जुटाउनु पर्नेमा जोड दिँदै अर्थमन्त्री डा. खतिवडाले अन्तर्राष्ट्रिय बजारबाट कोष ल्याउन बैंकलाई सरकारले सहयोग गर्ने बताउनु भयो ।

समारोहमा गभर्नर डा. चिरंजीबि नेपालले देशमा पूर्वाधारको विकास आवश्यक भएको बेलामा पूर्वाधार बैंक खुलेको चर्चा गर्दै क्षेत्रगत विशिष्टीकृत वित्तीय संस्थाको रूपमा बैंक स्थापना भएकोले सोही उद्देश्य अनुसार दीर्घकालीन स्रोत जुटाएर पूर्वाधारका परियोजना छनौट गरी लगानी गर्न निर्देशन दिनुभयो ।

बाँकी ५ पृष्ठमा

# पुनरकर्जा सुविधा प्राप्त कर्जाको व्याजदर घट्ने

बैंक तथा वित्तीय संस्था नियमन विभागले २०७५ फागुन ८ गते एक निर्देशन जारी गरी तोकिएका शर्तहरूको अधीनमा रही पुनरकर्जा सुविधा उपलब्ध गराइएका कर्जामा बैंक तथा वित्तीय संस्थाहरूले लिन पाउने ब्याजदरको सीमा घटाएको छ । यसबाट साधारण पुनरकर्जा र निर्यात पुनरकर्जा सुविधा प्राप्त कर्जाको व्याजदर बढीमा १.५ प्रतिशत घट्ने भएको छ ।

परिपत्र अनुसार साधारण पुनरकर्जा सुविधा उपयोग गर्दाको अवधिमा बैंक तथा वित्तीय संस्थाहरूले सम्बन्धित ऋणीबाट ८.० प्रतिशतभन्दा बढी ब्याज लिन पाइने छैन । २०७५ फागुन ८ अघि यस्तो व्याजदरको सीमा ९.० प्रतिशत थियो ।

नेपाल राष्ट्र बैंकले जलविद्युत परियोजना, कृषि क्षेत्र, पशुपंक्षी तथा मत्स्यपालन व्यवसाय, विदेशमा रोजगारी वा अध्ययन गरी फर्केका युवाहरूले सञ्चालन गर्ने उद्योग-व्यवसाय, उत्पादनमूलक उद्योग, पर्यटन उद्योग र भौतिक पूर्वाधार निर्माण उद्योगमा प्रवाह भएको असल कर्जाको धितोमा र पर्यटकीय सम्भावना रहेका तर तुलनात्मक रूपमा विकास हुन नसकेका पर्यटकीय गन्तव्य पाथिभरा, माइपोखरी, भिमेश्वर, कालिञ्चोक, हलेसी, लाङटाङ, स्वर्गद्वारी, माथिल्लो मुस्ताङ, गढीमाई, जनकपुरधाम, रारा तथा खप्तड क्षेत्रमा सुविधा सम्पन्न स्तरीय होटल स्थापना गर्न प्रदान गरिएका असल कर्जाको सुरक्षणमा बैंक तथा वित्तीय संस्थाहरूलाई वार्षिक ४ प्रतिशत ब्याजदरमा साधारण पुनरकर्जा उपलब्ध गराउने व्यवस्था छ ।

यसै गरी निर्यात पुनरकर्जा सुविधा उपयोग गर्दाको अवधिमा बैंक तथा वित्तीय संस्थाहरूले सम्बन्धित ऋणीबाट वार्षिक ४.५ प्रतिशतभन्दा बढी ब्याज लिन नपाउने व्यवस्था रहेकोमा २०७५ फागुन ८ देखि ३ प्रतिशतभन्दा बढी ब्याज लिन नपाउने व्यवस्था लागू गरिएको छ ।

निर्यात व्यवसायी फर्म/कम्पनीलाई निर्यात सम्बन्धी कागजातको आधारमा नेपाली मुद्रामा प्रवाह गरेको कर्जा र निर्यात प्रवर्द्धन उद्योगलाई प्रवाह भएको असल कर्जाको धितोमा बैंक तथा वित्तीय संस्थाहरूलाई वार्षिक १.० प्रतिशत ब्याजदरमा निर्यात पुनरकर्जा उपलब्ध गराइने व्यवस्था छ ।

# वित्तीय साक्षरता समेत गर्नुपर्ने

नेपाली वाणिज्य बैंक तथा राष्ट्रियस्तरका विकास बैंक र वित्त कम्पनीहरूले संस्थागत सामाजिक उत्तरदायित्व कोषमा छुट्याएको रकम वित्तीय साक्षरता प्रवर्द्धन गर्ने लगायतका क्रियाकलापलाई प्रोत्साहित गर्न प्रत्येक प्रदेशमा न्यूनतम १० प्रतिशत हुने गरी खर्च गर्नुपर्ने भएको छ ।

बैंक तथा वित्तीय संस्था नियमन विभागले २०७५ फागुन ८ गते एक निर्देशन जारी गरी यस्तो व्यवस्था आर्थिक वर्ष २०७६/७७ देखि लागू हुने जनाएको छ । बैंक तथा वित्तीय संस्थाहरूले संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी कार्यमा थप क्रियाशील हुन हरेक आर्थिक वर्षको खुद मुनाफाको कम्तीमा १ प्रतिशत रकम छुट्याई संस्थागत सामाजिक उत्तरदायित्व कोष खडा गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । सो कोषमा जम्मा भएको रकम नियमानुसार हुने गरी अर्को आर्थिक वर्षमा खर्च गर्ने व्यवस्था सम्बन्धित बैंक तथा वित्तीय संस्थाहरूले मिलाउनु पर्नेछ ।

# हेजिङ सम्बन्धी नियमावली स्वीकृत

विदेशी ऋण लगानी हुने जललिद्युत तथा पूर्वाधार निर्माण परियोजनामा नेपाल सरकारबाट हेजिङ सुविधा उपलब्ध गराउने प्रयोजनका लागि तयार गरिएको हेजिङ सम्बन्धी नियमावली २०७५ स्वीकृत भएको छ ।

विदेशी विनिमय व्यवस्थापन विभागले २०७५ फागुन ७ गते जारी गरेको सूचना अनुसार उक्त नियमावली मन्त्रिपरिषद्, विधेयक समितिको मिति २०७५।९।१५ को बैठकबाट स्वीकृत भएको हो ।

स्वीकृत नियमावली अनुसार विदेशी ऋण लगानी हुने (क) एक सय मेगावाट वा सोभन्दा बढी क्षमताका जलविद्युत उत्पादन, (ख) २२० केभीए वा सोभन्दा बढी क्षमताका तीस किलोमिटरभन्दा लामो विद्युत प्रसारण लाइन निर्माण, (ग) दश किलोमिटरभन्दा लामो रेल, मेट्रो तथा मोनो रेलमार्ग निर्माण, (घ) पचास किलोमिटरभन्दा लामो द्रुतमार्ग निर्माण र (ङ) नेपाल सरकार, मन्त्रिपरिषद्ले निर्णय गरी तोकेका अन्य परियोजनाका लागि नेपाल सरकारले हेजिङ सुविधा उपलब्ध गराउन सक्नेछ ।

यस्तो हेजिङ सुविधा प्राप्त गर्न चाहने परियोजनाले प्रचलित संघीय कानुन बमोजिम विदेशी लगानी गर्ने र विदेशी मुद्रा ल्याउने स्वीकृति लिएको हुनु पर्नेछ ।

हेजिङ भन्नाले परियोजना कार्यान्वयनको लागि लगानीकर्ताले विदेशी ऋण लगानी गर्दा जुन विनिमय दरमा विदेशी मुद्रा बैंकमा जम्मा गरेको हो सोही विनिमय दरमा सम्झौता बमोजिम लगानी फिर्ता लैजान पाउने गरी विदेशी मुद्राको विनिमय दर स्थिर गर्ने कार्य सम्झनु पर्ने नियमावलीमा उल्लेख छ ।

# सिक्काको बिक्री वितरण अब वाणिज्य बैंकहरूबाट पनि

वाणिज्य बैंकहरूले आफ्नो काठमाडौं उपत्यकाभित्रका शाखा कार्यालय मार्फत सर्वसाधारणलाई सिक्का बिक्री वितरण गर्नुपर्ने भएको छ ।

मुद्रा व्यवस्थापन विभागले २०७५ फागुन ३० गते वाणिज्य बैंकहरूलाई एक परिपत्र जारी गरी केन्द्रीय बैंकबाट आवश्यक परिमाणमा सिक्का प्राप्त गरी काठमाडौं उपत्यकाभित्र रहेका सम्पूर्ण शाखा मार्फत सिक्का बिक्रीको व्यवस्था मिलाउन भनेको छ ।

नेपालको राष्ट्रिय महत्वको ऐतिहासिक धरोहर धरहरा पुनर्निर्माण कार्यलाई सहजीकरण गर्न सुन्धारास्थित नेपाल राष्ट्र बैंकको टक्सार महाशाखाबाट हुँदै आएको सिक्काको आपूर्ति व्यवस्थापन मिलाउन र सिक्काको माग बमोजिम आपूर्ति गर्ने कार्य प्रभावित हुन नदिन वाणिज्य बैंकहरूलाई रु.१ दरको न्यूनतम ८ ड्रम (जम्मा रु.६,००,०००।-) र रु.२ दरको न्यूनतम १० ड्रम (जम्मा रु.१२,००,०००।-) सिक्का उपलब्ध गराई बैंकका काठमाडौं उपत्यकाभित्र रहेका शाखाहरू मार्फत सर्वसाधारणलाई सिक्का बिक्रीको व्यवस्था गर्ने निर्णय भएको परिपत्रमा उल्लेख छ । यस कार्यका लागि देशमा कारोबार सञ्चालन गरिरहेका २८ वटा वाणिज्य बैंकहरूलाई २०७५ चैत ३ देखि २८ गतेसम्म सिक्का बिक्री गर्ने तालिका तय गरिएको छ ।

# लगानी आकर्षित गर्न वित्तीय विश्लेषकहरूको भूमिका महत्त्वपूर्ण

गभर्नर डा. चिरंजीबि नेपालले स्वदेश तथा विदेशबाट लगानी आकर्षित गर्न वित्तीय विश्लेषकहरूको महत्वपूर्ण भूमिका रहने बताउनु भएको छ।

समग्र वित्तीय विश्लेषक संस्था (CFA Institute) को रूपमा काठमाडौंमा स्थापित एसोसियसन अफ इन्भेष्टमेन्ट प्रोफेसनल नेपालको २०७५ फागुन ३ गते काठमाडौंमा उद्घाटन गर्दै गभर्नर डा. नेपालले देशमा राजनीतिक स्थिरता आएसँगै लगानीको वातावरण तयार हुँदै गएकोले नेपालमा रहेका लगानीका क्षेत्र, प्राप्त हुने प्रतिफल, सम्भाव्य जोखिम लगायतका पक्षहरूको सकारात्मक विश्लेषणका साथ लगानी आकर्षित गर्न वित्तीय विश्लेषकहरूको महत्वपूर्ण भूमिका रहेको बताउनु भयो।

देश आर्थिक रूपान्तरणको बाटोमा अगाडि बढेको, वित्तीय साक्षरता र वित्तीय पहुँच बढ्दै गएको, प्रत्येक स्थानीय निकायमा कम्तीमा एक बैंक शाखा स्थापना गर्ने नीति पूर्ण कार्यान्वयनको चरणमा रहेको र देशमा भुक्तानी प्रणालीका संयन्त्रहरू वर्तमान सूचना प्रविधिको विकाससँगै आधुनिकीकरण तर्फ अघि बढेको उल्लेख गर्दै गभर्नर डा. नेपालले यसरी बनेको लगानीमैत्री वातावरणले देशमा पर्याप्त लगानी वृद्धि गरी आर्थिक अवस्थामा सुधार ल्याउन महत्वपूर्ण योगदान पुर्‍याउने अपेक्षा व्यक्त गर्नुभयो।




कार्यक्रममा नेपाल धितोपत्र बोर्डका कार्यकारी निर्देशक निरज गिरी, सीएफए एसिया प्यासिफिकका निक पोलार्ड, लगानी बोर्डका सदस्य बालकृष्ण शिवाकोटी तथा सीएफएका अध्यक्ष मनोज शाही लगायतका वक्ताहरूले आ-आफ्नो धारणा व्यक्त गर्नुभएको थियो।

# वित्तीय पहुँच विस्तार हुने क्रम जारी

२०७५ माघ मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूको संख्या १५७ र ती संस्थाहरूका शाखा संख्या ७,७३१ पुगेको छ। २०७५ असार मसान्तमा यस्तो संख्या क्रमश: १५१ र ६,६५१ रहेको थियो। २०७५ पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूको शाखा संख्या ७,५९१ पुगेकोमा माघ महिनामा मात्र १४० वटा शाखा बढेको देखिएको छ।

२०७५ माघ मसान्तमा २८ वाणिज्य बैंक, ३३ विकास बैंक, २४ वित्त कम्पनी र ७२ लघु वित्त वित्तीय संस्थाहरू सञ्चालनमा रहेका छन्।

### बैंक तथा वित्तीय संस्थाहरू र तिनको शाखा संख्या

| विवरण | बैंक तथा वित्तीय संस्थाहरूको संख्या | | | शाखा संख्या | | | |
|---|---|---|---|---|---|---|---|
| | २०७४ असार | २०७५ असार | २०७५ पुस/माघ | २०७४ असार | २०७५ असार | २०७५ पुस | २०७५ माघ |
| वाणिज्य बैंक | २८ | २८ | २८ | २२७४ | ३०२३ | ३२३३ | ३२६६ |
| विकास बैंक | ४० | ३३ | ३३ | ७६९ | ९९३ | ११५९ | ११८१ |
| वित्त कम्पनी | २८ | २५ | २४ | १३० | १८६ | १९९ | १९७ |
| लघु वित्त वित्तीय संस्था | ५३ | ६५ | ७२ | १८९५ | २४४९ | ३००० | ३०८७ |
| जम्मा | १४९ | १५१ | १५७ | ५०६८ | ६६५१ | ७५९१ | ७७३१ |

देशका ७५३ स्थानीय तहहरूमध्ये २०७५ माघ मसान्तमा ७११ स्थानीय तहहरूमा वाणिज्य बैंकको शाखा विस्तार भएको छ। २०७५ असार मसान्तमा ६३१ स्थानीय तहमा बैंक शाखा पुगेको थियो।

### स्थानीय तहमा वाणिज्य बैंक शाखाको उपस्थिति

| प्रदेश | स्थानीय तह संख्या | बैंक शाखा रहेको स्थानीय तह संख्या | | बैंक शाखा पुग्न बाँकी स्थानीय तह संख्या |
|---|---|---|---|---|
| | | २०७५ असार | २०७५ माघ | |
| प्रदेश १ | १३७ | ११२ | १२९ | ८ |
| प्रदेश २ | १३६ | १२२ | १३३ | ३ |
| प्रदेश ३ | ११९ | १०७ | ११४ | ५ |
| गण्डकी | ८५ | ७४ | ८२ | ३ |
| प्रदेश ५ | १०९ | ९९ | १०७ | २ |
| कर्णाली | ७९ | ५४ | ६४ | १५ |
| सुदूरपश्चिम | ८८ | ६३ | ८२ | ६ |
| कुल | ७५३ | ६३१ | ७११ | ४२ |

वित्तीय स्थायित्व सुदृढीकरण गर्ने उद्देश्यले बैंक तथा वित्तीय संस्था गाभ्ने/गाभिने तथा प्राप्ति सम्बन्धी प्रक्रिया सुरु गरिए पश्चात् २०७५ माघ मसान्तसम्ममा कुल १६४ वटा बैंक तथा वित्तीय संस्थाहरू मर्जर/प्राप्ति प्रक्रियामा सामेल भएका छन्। ती मध्ये १२२ वटा संस्थाहरूको इजाजत खारेज हुन गई कुल ४२ संस्था कायम भएका छन्।

# विराटनगरमा आर्थिक तथा बैंकिङ गतिविधि सम्बन्धी अन्तरक्रिया सम्पन्न

प्रदेश नं. १ का मुख्यमन्त्री शेरधन राईको प्रमुख आतिथ्य तथा डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीको सभापतित्वमा विराटनगर कार्यालयले २०७५ माघ २९ गते विराटनगरमा "समसामयिक आर्थिक तथा बैंकिङ गतिविधि सम्बन्धी अन्तरक्रिया" सम्पन्न गऱ्यो ।

सो अवसरमा मुख्यमन्त्री राईले देश विकासमा निजी क्षेत्रको भूमिका महत्वपूर्ण रहेको चर्चा गर्दै देशको बैंकिङ तथा वित्तीय क्षेत्रको विकासमा नेपाल राष्ट्र बैंकले अहम् दायित्व निर्वाह गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

अन्तरक्रियामा डेपुटी गभर्नर शिवाकोटीले नेपाल राष्ट्र बैंक आफ्नो दायित्व प्रति सजग रहेको उल्लेख गर्दै केन्द्रीय बैंक वर्तमान समस्याको रूपमा देखा परेको बैंक तथा वित्तीय संस्थाहरूको बढ्दो ब्याजदरको समस्याका साथै देशको उद्योग वाणिज्य क्षेत्रका अन्य समस्याहरूप्रति पनि संवेदनशील रहेको बताउनु भयो । अन्तरक्रियामा सहभागीहरूले राखेका गुनासा तथा जिज्ञासाको जवाफ डेपुटी गभर्नर शिवाकोटीले दिनुभएको थियो ।

प्रदेश नं. १ सरकारका आन्तरिक मामिला तथा कानुन मन्त्री हिक्मतकुमार कार्कीले प्रदेश र स्थानीय तहका विकासका सम्भावनाहरूलाई उकास्न नेपाल राष्ट्र बैंकले विशेष पहल गरी निजी क्षेत्रलाई साथमा लिएर अघि बढ्नु पर्ने धारणा व्यक्त गर्नुभयो ।

प्रदेश योजना आयोगका उपाध्यक्ष सुबोध प्याकुरेलले विद्यमान आर्थिक परिदृश्यमा आयात प्रतिस्थापक गतिविधि तथा त्यसलाई प्रोत्साहन गर्ने नीति आवश्यक रहेको र यसको सुरुवात कृषि क्षेत्रबाट हुनुपर्ने बताउनु भयो । अर्थतन्त्रका सबै क्षेत्रसँग बैंकिङ क्षेत्रको अन्तरसम्बन्ध रहने भएकोले यस क्षेत्रको नियमन तथा सुपरिवेक्षणमा नेपाल राष्ट्र बैंकले अझ बढी प्रभावकारी भूमिका खेल्नुपर्ने धारणा राख्नुभयो । साथै, उहाँले उद्योग वाणिज्य क्षेत्र पनि प्रतिस्पर्धी, पारदर्शी तथा क्षमतावान (Resilient) हुनुपर्ने आवश्यकता औंल्याउनु भयो ।

प्रदेश सभासद लिलम बस्नेत र नेपाल बैंकर्स संघका अध्यक्ष ज्ञानेन्द्रप्रसाद ढुंगाना अतिथि रहनुभएको उक्त कार्यक्रममा बैंक तथा वित्तीय संस्था नियमन विभागका निर्देशक बमबहादुर मिश्रले कार्यपत्र प्रस्तुत गर्नुभएको




थियो भने विराटनगर कार्यालयका निर्देशक विनोदराज आचार्यले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो ।

विराटनगर क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरू, प्रदेश सरकारका मन्त्रालयहरू, सरकारी कार्यालयहरू, उद्योग संगठन मोरङ, मोरङ व्यापार संघ र उद्योग वाणिज्य महासंघ प्रदेश नं. १ का प्रतिनिधिहरूका साथै प्राध्यापक तथा सञ्चारकर्मीहरू गरी १२० जनाको सहभागिता रहेको उक्त कार्यक्रमको सञ्चालन विराटनगर कार्यालयका उप-निर्देशक सृजना बास्तोलाले गर्नुभएको थियो ।

## डेपुटी गभर्नर श्रेष्ठ वित्तीय साक्षरता कार्यक्रममा

डेपुटी गभर्नर शिवराज श्रेष्ठको प्रमुख आतिथ्यमा प्राइम कमर्सियल बैंक, जिरी उद्योग वाणिज्य संघ र जिरी नगरपालिकाको संयुक्त आयोजनामा २०७५ फागुन १९ गते प्रदेश नं. ३ को दोलखा जिल्लाको जिरीमा वित्तीय साक्षरता कार्यक्रम सम्पन्न भयो । जिरेल, जिरी उद्योग वाणिज्य संघका अध्यक्ष गेल्बु शेर्पा, पूर्व सभासद् लगायत अन्य सरोकारवालाहरूको उपस्थिति रहेको थियो ।

उक्त कार्यक्रमबाट सहभागीहरूले बैंकिङ तथा वित्त सम्बन्धमा महत्वपूर्ण जानकारी प्राप्त गरेको बताएका थिए ।




यसै गरी डेपुटी गभर्नर श्रेष्ठ प्राइम कमर्सियल बैंकले २०७५ फागुन १८ गते काभ्रेपलाञ्चोक जिल्लाको मंगलटारस्थित श्री मंगल जनविजय क्याम्पसमा आयोजना गरेको संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रममा प्रमुख अतिथिको रूपमा सहभागी हुनुभयो ।

कार्यक्रममा मन्तव्य व्यक्त गर्दै डेपुटी गभर्नर श्रेष्ठले देशको समसामयिक बैंकिङ अवस्था, यसका चुनौती तथा समाधानका उपाय एवम् अवसरका बारेमा आफ्नो धारणा प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा बैक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक महेश्वरलाल श्रेष्ठले बैंकिङ साक्षरता अन्तर्गत बैंकिङ तथा वित्त सम्बन्धी ज्ञानबर्द्धक प्रस्तुति प्रस्तुत गर्नुभयो ।

जिरी उद्योग वाणिज्य संघका पदाधिकारी तथा कर्मचारीहरू र जिरी नगरपालिकाका कर्मचारीहरूका लागि आयोजित उक्त कार्यक्रममा जिरी नगरपालिकाका मेयर टंक

संघीय संसदका सदस्य माननीय शशी श्रेष्ठको उपस्थिति रहेको उक्त कार्यक्रममा डेपुटी गभर्नर श्रेष्ठले उक्त क्याम्पसका विद्यार्थीहरूलाई अध्ययनमा सुविधा पुऱ्याउन बैंकले उपलब्ध गराएको फर्निचर सामान क्याम्पसलाई हस्तान्तरण गर्नुभयो ।

कार्यक्रममा बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक श्रेष्ठले क्याम्पसका विद्यार्थीहरूलाई बैंकिङ तथा वित्तीय चेतनामूलक शिक्षा सहितको मन्तव्य व्यक्त गर्नुभएको थियो ।

# डेपुटी गभर्नर शिवाकोटीद्वारा तालिम कार्यक्रम उद्घाटन

डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले बैंकर्स प्रशिक्षण केन्द्रद्वारा नवनियुक्त सहायकहरूका लागि आयोजित पूर्वसेवाकालिन तालिम कार्यक्रमको २०७५ माघ २० गते उद्घाटन गर्नुभयो ।



सो अवसरमा डेपुटी गभर्नर शिवाकोटीले नेपाल राष्ट्र बैंकमा सबै कर्मचारीहरूका लागि वृति विकासको प्रशस्त अवसर रहेको उल्लेख गर्दै नवप्रवेशी सहायकहरूलाई इमान्दार भई लगनशीलताका साथ संस्थाको आचारसंहिता पालना गर्न तथा दिइएका जिम्मेवारी पूरा गर्न निर्देशन दिनुभयो ।

कार्यक्रममा जनशक्ति व्यवस्थापन विभागका कार्यकारी निर्देशक पीताम्बर भण्डारीले पूर्वसेवाकालिन तालिम नेपाल राष्ट्र बैंकका विभाग तथा कार्यालयहरूका काम कारवाहीहरू बारे अभिमुखीकरण गराउने उद्देश्यले आयोजना गरिएको बताउँदै सहभागीहरूलाई बढी भन्दा बढी ज्ञान प्राप्त गरी सक्षम भई कार्यक्षेत्रमा उत्रन उत्प्रेरित गर्नुभयो ।

सोही विभागका निर्देशकद्वय तुलसीप्रसाद घिमिरे र गुरूप्रसाद पौडेलको उपस्थिति रहेको उक्त कार्यक्रममा केन्द्रका निर्देशक मुक्तिनाथ सापकोटाले तालिमको उद्देश्य तथा महत्वमाथि प्रकाश पार्नुभयो ।

यसै गरी डेपुटी गभर्नर शिवराज श्रेष्ठको प्रमुख आतिथ्यमा केन्द्रले २०७५ माघ २५ गते तालिमको समापन समारोह आयोजना गऱ्यो । समारोहमा डेपुटी गभर्नर श्रेष्ठले तालिमका सहभागीहरूलाई प्रमाणपत्र वितरण गर्नुभयो ।

सो अवसरमा डेपुटी गभर्नर श्रेष्ठले नवनियुक्त सहायकहरूलाई बधाई दिनुका साथै पदस्थापन भएको कार्यालयमा गई मेहनती र लगनशील भई निष्ठापूर्वक आफ्नो कार्य सम्पादन गर्न निर्देशन दिनुभयो ।

सहायक तहबाट बैंकको सेवामा प्रवेश गर्दा बैंकिङ तथा प्रशासनिक कार्यको बृहत अनुभव प्राप्त हुने विचार व्यक्त गर्दै उहाँले उच्च तहमा पुगी काम गर्नु पर्दाको अवस्थामा यी अनुभवले व्यक्ति तथा समग्र संस्थालाई नै फाइदा पुग्ने धारणा व्यक्त गर्नुभयो ।

कार्यकारी निर्देशक भण्डारी, निर्देशकद्वय घिमिरे तथा पौडेलको उपस्थिति रहेको उक्त समारोहमा नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानका वरिष्ठ अध्ययन निर्देशक नारायणगोपाल मलेगोले नवप्रवेशी सहायकहरूलाई केन्द्रीय बैंक जस्तो गरिमामय संस्थामा प्रवेश गरेकोमा बधाई दिनुका साथै सधैं अध्ययनशील रहने मानवीय गुण आत्मसाथ गरी सिर्जनशील रहन सुझाव दिनुभयो ।

समारोहमा केन्द्रका निर्देशक सापकोटाले तालिमसँग जोडिएका विविध पक्षहरूका बारेमा चर्चा गर्दै अतिथि एवम सहभागीहरूलाई धन्यवाद दिनुभयो ।

केन्द्रले बैंकका नवनियुक्त सहायकहरूका लागि २०७५ माघ २० देखि २५ गतेसम्म पूर्वसेवाकालिन तालिम जावलाखेलस्थित नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानमा आयोजना गरेको थियो । तालिम कार्यक्रमको संयोजक केन्द्रका उप-निर्देशक बद्रीनाथ नेपाल हुनुहुन्थ्यो ।

तालिममा सहभागी ९४ जना नवप्रवेशी सहायकहरूलाई बैंकको Mission, Vision, रणनीतिक लक्ष्यहरू एवम् कर्मचारीले पालना गर्नुपर्ने आचारसंहिता, जनशक्ति व्यवस्थापन सम्बन्धी नेपाल राष्ट्र बैंकका विद्यमान नीति नियमहरू, बैंकले विभिन्न विभाग तथा कार्यालयहरू मार्फत सम्पादन गर्ने काम तथा कर्तव्यहरूका साथै काठमाडौं उपत्यका बाहिरका प्रदेशस्थित कार्यालयहरूले सम्पादन गर्ने काम कर्तव्यहरूका बारेमा प्रशिक्षण दिइएको थियो ।

## नेपाल इन्फ्रास्ट्रक्चर...

पूर्वाधार विकासमा लगानी गर्न देश विदेशबाट पुँजी संकलन गर्न सक्ने पूर्ण अधिकार बैंकलाई रहेको उल्लेख गर्दै उहाँले मुलुक आर्थिक समृद्धिको बाटोमा लागिरहेको समयमा स्थापना भएको पूर्वाधार विकास बैंक आर्थिक विकासको यात्रामा कोसेढुंगा सावित हुने धारणा व्यक्त गर्नुभयो ।

समारोहमा बैंकका अध्यक्ष अनुज अग्रवाल र प्रमुख कार्यकारी अधिकृत अनिल ज्ञवालीले पनि मन्तव्य व्यक्त गर्नुभएको थियो ।

काठमाडौंको नयाँ बानेश्वरस्थित कृष्ण टावरमा केन्द्रीय कार्यालय रहेको बैंकले देशका सात वटै प्रदेशमा कार्यालय स्थापना गरी कारोबार सञ्चालन गर्न सक्नेछ ।

नेपाल राष्ट्र बैंकले २०७५ माघ २८ गते उक्त बैंकलाई कारोबार सञ्चालनको लागि इजाजतपत्र प्रदान गरेको थियो ।

अधिकृत पुँजी रु.४० अर्ब, जारी पुँजी रु.२० अर्ब र चुक्ता पुँजी रु.१२ अर्ब रहेको उक्त बैंकलाई इजाजतपत्र प्राप्त गरेको मितिले ६ महिनाभित्र कारोबार सञ्चालन गर्ने र ३ वर्षभित्र सर्वसाधारणमा शेयर बिक्री वितरण गरी चुक्ता पुँजी रु.२० अर्ब पुऱ्याउने शर्तमा इजाजतपत्र प्रदान गरिएको थियो ।

# आर्थिक वर्ष २०७५/७६ को मौद्रिक नीतिको मध्यावधि समीक्षा सार्वजनिक

नेपाल राष्ट्र बैंकले आर्थिक वर्ष २०७५/७६ को मौद्रिक नीति मार्फत प्रक्षेपण गरेको उक्त वर्षको मुद्रास्फीति लक्ष्य २०७५ फागुन ६ गते सार्वजनिक गरेको मध्यावधि समीक्षा मार्फत संशोधन गरेको छ । विदेशी विनिमय सञ्चितिको स्तर तथा विस्तृत मुद्राप्रदाय, कुल आन्तरिक कर्जा र निजी क्षेत्रतर्फ प्रवाह हुने कर्जाको वृद्धिदरको लक्ष्य भने यथावत कायम राखिएको छ। साथै, मौद्रिक नीतिको विद्यमान कार्यदिशा अनुरूप अनिवार्य नगद अनुपात, वैधानिक तरलता अनुपात तथा बैंक दरलाई यथावत राखिएको समीक्षा प्रतिवेदनमा उल्लेख छ ।

आर्थिक वर्ष २०७५/७६ को पहिलो ६ महिनाको समष्टिगत आर्थिक स्थायित्वको पक्ष हेर्दा मुद्रास्फीति नियन्त्रित नै रहने देखिएकोले बढ्दो आन्तरिक मागले मुद्रास्फीतिमा चाप पर्ने भए तापनि अन्तर्राष्ट्रिय बजारमा तेलको मूल्यमा आएको गिरावट, छिमेकी मुलुकमा रहेको न्यून मुद्रास्फीति तथा आन्तरिक आपूर्ति व्यवस्थामा आएको सुधारका कारण वार्षिक औसत मुद्रास्फीति ५.५ प्रतिशतको सीमाभित्र रहने संशोधित अनुमान गरिएको समीक्षा प्रतिवेदनमा उल्लेख छ ।

## आर्थिक तथा मौद्रिक लक्ष्यहरूको स्थिति

आर्थिक वर्ष २०७५/७६ मा उपभोक्ता मुद्रास्फीतिलाई ६.५ प्रतिशतको सीमामा राख्ने लक्ष्य रहेकोमा पहिलो ६ महिनाको औसत उपभोक्ता मुद्रास्फीति ४.२ प्रतिशत रहेको छ । वार्षिक बिन्दुगत आधारमा २०७५ पुसमा उपभोक्ता मुद्रास्फीति ४.६ प्रतिशत रहेको छ।

२०७५ पुस मसान्तमा कुल विदेशी विनिमय सञ्चिति रु. १० खर्ब ५८ अर्ब २० करोड रहेको छ । उक्त सञ्चितिले ८.९ महिनाको वस्तु आयात तथा ७.८ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त हुने देखिन्छ। आर्थिक वर्ष २०७५/७६ मा कम्तीमा ८ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त हुने विदेशी विनिमय सञ्चिति कायम गर्ने लक्ष्य राखिएको छ ।

आर्थिक क्रियाकलापमा भइरहेको विस्तारले आर्थिक वृद्धिको आशालाग्दो परिदृश्य देखाएको तथा कृषि उत्पादनमा भएको वृद्धि, उद्योगहरूको क्षमता उपयोगमा आएको सुधार, निर्माण कार्यमा देखिएको तीव्रता, पर्यटन क्षेत्रसँग सम्बन्धित गतिविधिमा आएको विस्तार तथा कर्जाको बढ्दो मागका कारण आर्थिक वृद्धिले गत दुई वर्षको औसत प्रवृत्तिलाई निरन्तरता दिने संकेत देखिएको समीक्षामा उल्लेख छ । मौद्रिक नीतिमा नेपाल सरकारले तय गरेको ८ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्न सहयोग पुग्ने गरी आवश्यक मौद्रिक व्यवस्थापन गर्ने उल्लेख रहेको थियो ।

**मौद्रिक लक्ष्यहरूको स्थिति (वार्षिक बिन्दुगत)**

| विवरण | प्रक्षेपित सीमा | २०७५ पुसको यथार्थ |
|---|---|---|
| विस्तृत मुद्राप्रदाय वृद्धिदर | १८.० | १९.१ |
| आन्तरिक कर्जा वृद्धिदर | २२.५ | २८.५ |
| निजी क्षेत्रतर्फको कर्जा वृद्धिदर | २०.० | २३.२ |

## मौद्रिक तथा वित्तीय उपायहरू

मौद्रिक नीति मार्फत लिइएका आर्थिक तथा मौद्रिक लक्ष्य हासिल गर्न मध्यावधि समीक्षामा देहायका मौद्रिक तथा वित्तीय उपायहरू अपनाउने उल्लेख छ ।

- वाणिज्य बैंक, विकास बैंक तथा वित्त कम्पनीहरूले विदेशबाट आफ्नो प्राथमिक पुँजीको शतप्रतिशतसम्म विदेशी मुद्रामा ऋण लिन पाउने व्यवस्था गरिने,
- बैंक तथा वित्तीय संस्थाहरूको साधन परिचालनमा देखिने असन्तुलनलाई न्यूनीकरण गर्न अनिवार्य रूपमा दीर्घकालीन ऋणपत्र जारी गर्नुपर्ने व्यवस्था गरिने,
- वाणिज्य बैंकहरूले कृषि, ऊर्जा, पर्यटन तथा उत्पादनमूलक उद्योगमा प्रवाह गर्ने कर्जाको ब्याजदर निर्धारण गर्दा सम्बन्धित बैंकको आधार दरमा थप गरिने प्रिमियमलाई नेपाल राष्ट्र बैंकले तोकेको प्रतिशतसम्म मात्र हुने व्यवस्था गरिने,
- निश्चित रकमभन्दा माथिको दीर्घकालीन परियोजना कर्जामा ऋणीसँगको सहमतिमा तोकिएको अवधिका लागि ब्याजदर स्थिर गर्न सकिने व्यवस्था मिलाइने,
- केन्द्रीय बैंकमा रहेको पुनरकर्जा कोषको सीमा रु. ५० अर्ब पुऱ्याइने र पुनरकर्जा सुविधाको उपयोगलाई प्रभावकारी बनाउने सम्बन्धमा आवश्यक व्यवस्था मिलाइने,
- वाणिज्य बैंक तथा राष्ट्रियस्तरका वित्तीय संस्थाहरूले संस्थागत सामाजिक उत्तरदायित्व कोषमा छुट्याएको रकमलाई वित्तीय साक्षरता प्रवर्द्धन गर्ने लगायतका क्रियाकलापलाई प्रोत्साहित गर्न प्रत्येक प्रदेशमा न्यूनतम १० प्रतिशत हुने गरी खर्च गर्नुपर्ने व्यवस्था गरिने,
- ब्याजदर अन्तर गणना गर्ने विद्यमान विधिमा परिमार्जन गरी कर्जा र निक्षेपको भारित औसत ब्याजदरको आधारमा ब्याजदर अन्तर गणना गर्ने व्यवस्था मिलाइने,
- वाणिज्य बैंकहरूले स्वीकार गर्ने कल निक्षेपको रकम आफ्नो कुल निक्षेपको १० प्रतिशतभन्दा बढी हुन नहुने व्यवस्था मिलाइने,
- बैंक तथा वित्तीय संस्थाहरूले कर्जा प्रवाह गर्दा ग्राहकसँग लिने प्रशासनिक सेवा शुल्क तथा प्रतिबद्धता शुल्कलाई व्यवस्थित बनाउँदै ग्राहकको कर्जा सम्बन्धी लागत कम गर्न आवश्यक व्यवस्था मिलाइने,
- बैंक तथा वित्तीय संस्थाहरूसँग कर्जा लगायतका कारोबार गर्दा गरिने तमसुक एवम् अन्य कागजातहरूमा एकरूपता कायम गर्ने व्यवस्था मिलाइने,
- परिवर्त्य विदेशी मुद्रा आर्जन हुने गरी निर्यात कारोबार गर्ने निर्यातकर्ताहरूबाट परिवर्त्य विदेशी मुद्रामा Pre-Shipment तथा Post-Shipment कर्जा माग गरेमा One Year LIBOR दरमा अधिकतम १.२५ प्रतिशत थप गरी हुन आउने दरले ब्याज लिन सकिने व्यवस्था गरिने र यस्तो कर्जा प्रदान गरेवापत प्रचलित व्यवस्था बमोजिम पुनरकर्जा माग भएमा केन्द्रीय बैंकले One Year LIBOR Rate मा ०.२५ प्रतिशत थप गरी हुन आउने दरमा पुनरकर्जा उपलब्ध गराउने व्यवस्थालाई निरन्तरता दिने,
- औद्योगिक कच्चा पदार्थ र मेसिनरी सामान प्रतीतपत्र मार्फत आयात गर्दा Sight LC को भुक्तानीका लागि वाणिज्य बैंकहरूले परिवर्त्य विदेशी मुद्रामा ऋण दिँदा Six month LIBOR Rate मा अधिकतम १.२५ प्रतिशतसम्म थप गरी ऋण प्रवाह गर्नुपर्ने व्यवस्था मिलाइने,
- बैंक तथा वित्तीय संस्थाहरू र अन्य सरोकारवाला निकायहरूबीच उत्पादनशील, विपन्न वर्ग एवम् प्राथमिकताप्राप्त क्षेत्रहरूमा कर्जा प्रवाह गर्ने निर्देशनको प्रभावकारी कार्यान्वयन गर्न केन्द्रीय बैंकका उपत्यका बाहिरका कार्यालयहरूमा गठित वित्तीय क्षेत्र समन्वय सम्बन्धी संयन्त्रलाई थप प्रभावकारी बनाइने ।

# पूर्वाधार विकास बैंकका लागि निर्देशन जारी

नेपाल राष्ट्र बैंकले पूर्वाधार विकास बैंकहरूका लागि निर्देशन २०७५ जारी गरेको छ ।

निर्देशन अनुसार पूर्वाधार विकास बैंकले न्यूनतम रु.२० अर्ब चुक्ता पुँजी कायम गर्नु पर्नेछ । यस्तो बैंकले न्यूनतम पुँजी कोष अनुपात भने कुल जोखिम भारित सम्पत्तिको ११ प्रतिशत कायम गर्नु पर्नेछ। पुँजी कोषको गणना Capital Adequacy Framework, 2018 बमोजिम गर्नु पर्नेछ । उक्त फ्रेमवर्क अनुसार पूर्वाधार विकास बैंकले Minimum Common Equity Capital Ratio 4.50, Capital Conservation Buffer 2.50, Minimum common equity plus capital conservation buffer 7.00, Minimum Tier 1 Capital (Excluding conservation buffer) 6.00, Minimum Total Capital (Excluding conservation buffer) 8.50, Minimum Total Capital (including conservation buffer) 11.00, Counter Cyclical Buffers 0-2.5 र Leverage Ratio 3.00 प्रतिशत कायम गर्नु पर्नेछ ।

पूर्वाधार विकास बैंकले पूर्वाधार विकाससँग सम्बन्धित परियोजनाहरूमा मात्र कर्जा प्रवाह गर्न सक्नेछ । यस्तो बैंकले रु.५० करोड प्रति परियोजना भन्दा कम कर्जा तथा सुविधाको सीमा स्वीकृति तथा प्रवाह गर्न सक्नेछैन । तर आफूले जारी गरेको मुद्दति निक्षेप रसिदको धितोमा रु.५० करोड भन्दा कमको कर्जा प्रदान गर्न सकिने छ ।

पूर्वाधार विकास बैंकले प्रवाह गरेको कर्जा तथा सापटको साँवा वा ब्याज भुक्तानी हुनुपर्ने भाखा नाघेको अवधिको आधारमा सम्पूर्ण कर्जा सापटलाई देहाय बमोजिम असल, कमसल र खराब वर्गमा वर्गीकरण गरी कर्जा नोक्सानी व्यवस्था कायम गर्नु पर्नेछ । भाखा ननाघेको र ३ महिनासम्म भाखा नाघेको कर्जा/सापटलाई असल (Pass), ३ महिनादेखि बढीमा १ वर्षसम्म भाखा नाघेको कर्जा/सापटलाई कमसल (Sub-standard) र १ वर्षभन्दा बढी अवधिले भाखा नाघेको कर्जा/सापटलाई खराब (Loss) वर्गमा वर्गीकरण गरी न्यूनतम क्रमशः १ प्रतिशत, २५ प्रतिशत र १०० प्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गर्नु पर्नेछ। पूर्वाधार विकास बैंकले एउटै ग्राहक, फर्म, कम्पनी वा आपसी सम्बन्ध भएका ग्राहकहरूको समूहलाई कोषमा आधारित (Fund Based) कर्जा/सापट र गैरकोषमा आधारित (Non-Fund Based) सुविधाहरू समेत गरी आफ्नो प्राथमिक पुँजीको बढीमा ५० प्रतिशतसम्मको सीमा कायम गरी प्रदान गर्न सक्नेछ ।

एउटा ग्राहक, फर्म, कम्पनी वा आपसी सम्बन्ध भएका ग्राहकहरूको समूहलाई तोकिएको सीमाभन्दा बढी कर्जा सापट वा सुविधा प्रदान गरेमा त्यस्तो अवस्थाबाट उत्पन्न हुन सक्ने अधिकेन्द्रित जोखिम खाम्नको लागि पूर्वाधार विकास बैंकले सीमाभन्दा बढी प्रदान गरिएको कर्जा/सापट वा सुविधाको शतप्रतिशत थप कर्जा नोक्सानी व्यवस्था (Additional Loan Loss Provision) कायम गर्नु पर्नेछ ।

नेपाल सरकारको जमानत/सुरक्षणपत्र तथा नेपाल राष्ट्र बैंक ऋणपत्रको धितोमा र विश्व बैंक, एसियाली विकास बैंक तथा अन्तर्राष्ट्रिय वित्त निगम लगायतका नेपाल सदस्य भएको अन्तर्राष्ट्रिय बहुपक्षीय (Multilateral) वित्तीय संस्थाहरू तथा अन्तर्राष्ट्रिय श्रेणीकृत (Rated) बैंकको निःशर्त जमानतमा प्रदान गरिने परियोजना कर्जा/सापट तथा सुविधाहरूमा उपरोक्त सीमा लागू हुने छैन । साथै, पूर्वाधार विकास बैंकबाट अनुरोध भई आएमा केन्द्रीय बैंकले जारी गरेको निर्देशनमा उल्लेख भएको व्यवस्था समेत कायम रहने गरी त्यस्ता अन्तर्राष्ट्रिय बहुपक्षीय संस्थाले जारी गर्ने जमानत (Guarantee) मा आधारित भई पूर्वाधार विकास बैंकले प्रदान गर्ने कर्जामा पुँजी कोषको अनुपात गणना गर्ने प्रयोजनका लागि शुन्य जोखिम भार (Zero Risk Weight) प्रदान गर्न सकिने छ ।

पूर्वाधार विकास बैंकले कुल निक्षेप दायित्वको १ (एक) प्रतिशत अनिवार्य मौज्दात कायम गर्नु पर्नेछ । अनिवार्य मौज्दात नपुग भएको अवस्थामा पहिलो पटक नपुग भए जति रकममा प्रचलित बैंक दरको प्रतिशतले, दोस्रो पटक नपुग भए जति रकममा प्रचलित बैंक दरको डेढी प्रतिशतले तथा तेस्रो पटक र सो भन्दा बढी जति पटक नपुग भए पनि नपुग भए जति रकममा प्रचलित बैंक दरको दोब्बर प्रतिशतले हर्जाना लगाइने छ ।

पूर्वाधार विकास बैंकले कुल स्वदेशी निक्षेपको १२ प्रतिशत वैधानिक तरलता अनुपात कायम गर्नु पर्नेछ । यस प्रयोजनको लागि नेपाल सरकारको सुरक्षणपत्र तथा नेपाल राष्ट्र बैंकले जारी गरेको ऋणपत्रमा गरेको लगानी, नेपाल राष्ट्र बैंकमा राखिएको रकम, आफ्नो ढुकुटीमा रहेको नगद मौज्दात र अन्तर्राष्ट्रिय वित्तीय संस्थाद्वारा नेपाली मुद्रामा जारी भएको ऋणपत्रमा गरिएको लगानी समावेश गर्न सकिने छ ।

पूर्वाधार विकास बैंकले ५ वर्ष वा सोभन्दा बढी अवधिको व्यक्तिगत मुद्दति निक्षेप कम्तीमा प्रति व्यक्ति रु.१ करोड र संस्थागत मुद्दति निक्षेप कम्तीमा प्रति संस्था रु.५ करोडसम्मको हिसाबले निक्षेप संकलन गर्न सक्नेछ तर आफ्ना ऋणीहरूका लागि नोमिनी खाताको रूपमा चल्ती खाता खोल्न यस व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।

पूर्वाधार विकास बैंकले निक्षेप कारोबार सम्बन्धमा अन्य प्रचलित कानुन बमोजिम निक्षेप परिचालन तथा कर्जाको कारोबार गरिरहेका वित्तीय संस्थाहरूमा निक्षेप राख्न तथा कर्जाको कारोबार गर्न पाइने छैन ।

पूर्वाधार विकास बैंकले इजाजतपत्र प्राप्त अन्य बैंक तथा वित्तीय संस्था वा कुनै पनि प्रकारको निक्षेप सम्बन्धी कारोबार गर्ने संस्थामा ब्याज प्राप्त हुने गरी कुनै पनि प्रकारको स्वदेशी निक्षेप खाता खोल्न पाइने छैन । तर संस्था स्थापना भएको बढीमा १ वर्षसम्म बैंकको संस्थापक लगानीकर्ता नरहेको वाणिज्य बैंकहरू मध्येबाट बढीमा रु.१ अर्बसम्म अन्य वाणिज्य बैंकहरूमा मात्र खाता खोली मुद्दति निक्षेप जम्मा गर्न यस व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।

पूर्वाधार विकास बैंकले इजाजतपत्र प्राप्त संस्था, फर्म, कम्पनी तथा संगठित संस्थासँग सापटी लिन सक्नेछ । तर विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ/संस्थाबाट कुनै आर्थिक सहायता वा ऋण लिनुपरेमा केन्द्रीय बैंकको स्वीकृति लिनु पर्ने व्यवस्था छ ।

## ऋण लिन सकिने सीमामा वृद्धि

वाणिज्य बैंकहरूले तोकिएका शर्तहरूको अधीनमा रही परिवर्त्य विदेशी मुद्रामा र भारतीय मुद्रामा लिन सक्ने ऋणको सीमा वृद्धि गरिएको छ । विदेशी विनिमय व्यवस्थापन विभागले २०७५ फागुन १५ गते एक सूचना जारी गरी नेपाली वाणिज्य बैंकहरूले विदेशी बैंक तथा वित्तीय संस्थाहरूबाट परिवर्त्य विदेशी मुद्रामा तथा भारतस्थित बैंक तथा वित्तीय संस्थाहरूबाट भारतीय मुद्रामा लिन सक्ने ऋणको सीमा प्राथमिक पुँजीको ५० प्रतिशतबाट बढाएर १०० प्रतिशत पुऱ्याएको छ ।

# वीरेन्द्रनगरमा नोट व्यवस्थापन सम्बन्धी गोष्ठी सम्पन्न

मुद्रा व्यवस्थापन विभागका कार्यकारी निर्देशक लक्ष्मीप्रपन्न निरौलाको प्रमुख आतिथ्यमा नेपालगञ्ज कार्यालयले उक्त विभागको समन्वयमा सुर्खेत जिल्लाको वीरेन्द्रनगरमा २०७५ फागुन २३ गते "नोट कोष सञ्चालन, सफा नोट नीति, नोट सर्टिङ, शंकास्पद नोट पहिचान तथा नियन्त्रणको लागि चाल्नु पर्ने कदम" विषयक गोष्ठी सम्पन्न गर्‍यो ।

गोष्ठीमा कार्यकारी निर्देशक निरौलाले नेपाली नोटमा रहेका विभिन्न सुरक्षा विशेषताहरू, जाली नोटको पहिचान गर्ने तरिका र सफा नोट नीति तथा यसको कार्यान्वयनको अवस्थाका बारेमा जानकारी दिनुभयो । सूचना प्रविधिको क्षेत्रमा भएको विकाससँगै जाली नोटको संख्याका साथै गुणस्तरमा पनि वृद्धि भएको पाइएकोले यस बारेमा सचेत गराउँदै कार्यकारी निर्देशक निरौलाले नक्कली नोट सम्बन्धी विद्यमान नीतिगत व्यवस्था तथा जाली नोटको वृद्धिले अर्थतन्त्रमा पर्न सक्ने दुस्प्रभावको बारेमा चर्चा गर्नुभयो ।

नेपालगञ्ज कार्यालयका निर्देशक विमलराज खनालको सभापतित्वमा सम्पन्न उक्त गोष्ठीमा सोही कार्यालयका सहायक निर्देशक दिपेश यादवले नोट कोष सञ्चालन, सफा नोट नीति तथा नोट सर्टिङ सम्बन्धी विषय समेटिएको कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

गोष्ठीमा उक्त कार्यपत्रमाथि छलफल हुँदा सहभागीहरूले राखेका जिज्ञासाको जवाफ कार्यकारी निर्देशक निरौला र निर्देशक खनालले दिनुभएको थियो ।

सुर्खेत जिल्लामा कारोबार सञ्चालन गरिरहेका विभिन्न बैंक तथा वित्तीय संस्थाका गरी ३७ जना प्रतिनिधिहरूको सहभागिता रहेको उक्त गोष्ठीको सञ्चालन नेपालगञ्ज कार्यालयका प्रधान सहायक मञ्जुकुमारी न्यौपानेले गर्नुभएको थियो ।

## सिन्धुलीमा वित्तीय साक्षरता कार्यक्रम सम्पन्न

नेपाल राष्ट्र बैंकको प्रायोजनमा स्टेम फाउण्डेसन नेपालले २०७५ फागुन १ गते सिन्धुली जिल्लाको सिन्धुलीमाढीस्थित श्री जनज्योति माध्यमिक विद्यालयमा वित्तीय साक्षरता अभिवृद्धि कार्यक्रम सम्पन्न गर्‍यो ।

कार्यक्रममा गभर्नरको कार्यालयका उप-निर्देशकद्व शुभाषचन्द्र घिमिरे र सुरेश पन्तले वित्तीय साक्षरताका विविध विषयमा वार्ता प्रस्तुत गर्नुभयो ।

सो अवसरमा उहाँहरूले व्यक्तिगत लाभका साथै मुलुकको समृद्धिको लागि वित्तीय साक्षरता र वित्तीय व्यवस्थापन महत्वपूर्ण रहेको बताउनु भयो ।

आयोजक संस्थाका अध्यक्ष सर्जन बि.सी.को सभापतित्वमा सञ्चालित उक्त कार्यक्रममा विद्यालयका प्रधानाध्यापक भीमविक्रम थापाले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा सिन्धुली जिल्लाका विभिन्न विद्यालयका शिक्षक, शिक्षिका तथा विद्यार्थीहरू गरी १०० जनाको सहभागिता रहेको थियो ।




## धनगढीमा तनाव व्यवस्थापन सम्बन्धी योग शिविर सम्पन्न

धनगढी कार्यालयको प्राङगणमा २०७५ फागुन २४ गते कार्यालयका कर्मचारीहरूको सहभागितामा तनाव व्यवस्थापन सम्बन्धी एक दिवसीय योग शिविर सम्पन्न भयो ।

उक्त योग शिविरको समापन कार्यक्रममा कार्यालयका निर्देशक किरण पण्डितले कार्यालयको कार्य वातावरण सहज बनाउन योग शिविर र तनाव व्यवस्थापनका सम्बन्धमा योग गुरुले दिनुभएको प्रवचनले महत्वपूर्ण भूमिका खेल्ने बताउनु भयो ।

उक्त शिविरमा मुख्य योग प्रशिक्षक हेमन्तराज ओझाले योग साधनाका साथै शारीरिक व्यायाम, प्राणायाम, ध्यान तथा तनाव कम गर्ने विभिन्न योगाभ्यासहरू गराउनु भयो । यसै गरी पतञ्जली योग समिति नेपालका केन्द्रीय सहप्रभारी योग गुरु मदनराज पाण्डेयले तनाव व्यवस्थापन सम्बन्धमा प्रवचन दिनुका साथै सहभागीहरूले राखेका जिज्ञासाको जवाफ दिनुभएको थियो ।

कार्यक्रममा कार्यालयका उपनिर्देशक मनोज पोखरेलले स्वागत गर्नुभएको थियो ।






# देवानगञ्जमा वित्तीय चेतना अभिवृद्धि कार्यक्रम सम्पन्न

विराटनगर कार्यालयले २०७५ फागुन १९ गते सुनसरी जिल्लाको देवानगञ्ज गाउँपालिका वडा नं. ३ स्थित श्री कृष्ण माध्यमिक विद्यालयको सभाहलमा वित्तीय चेतना अभिवृद्धि कार्यक्रम सम्पन्न गऱ्यो ।




कार्यालयका निर्देशक विनोदराज आचार्यको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा उहाँले देशका दुर्गम क्षेत्रमा बैंक तथा वित्तीय संस्थाहरूको पहुँच सहज नभएकोले बैंकिङ माध्यमबाट निक्षेप संकलन तथा कर्जा प्रवाह उल्लेख्य मात्रामा हुन नसकेको धारणा व्यक्त गर्नुभयो ।

बैंक तथा वित्तीय संस्था प्रति सर्वसाधारणको विश्वास कम हुँदा समग्र वित्तीय क्षेत्र जोखिममा पर्नुका साथै अनौपचारिक क्षेत्रलाई टेवा पुग्ने धारणा व्यक्त गर्दै उहाँले वित्तीय साक्षरताका विभिन्न पक्षहरू जस्तैः बचत, कर्जा, विप्रेषण, विदेशी विनिमय, बैंकिङ कारोबार, सफा नोट नीति, बीमा, सम्पत्ति शुद्धीकरण आदिका सम्बन्धमा चर्चा गर्नुभयो ।

श्री कृष्ण माध्यमिक विद्यालयका शिक्षक, शिक्षिका तथा विद्यार्थीहरू, स्थानीय जनप्रतिनिधिहरू र बुद्धिजीवीहरूको सहभागिता रहेको उक्त कार्यक्रममा विद्यालयका प्रधानाध्यापक उमेश मेहता, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष उमाकान्त मेहता, वडा अध्यक्ष अनिलकुमार भगत र स्थानीय बुद्धिजीवी जयनारायण भगतले वित्तीय चेतना अभिवृद्धि कार्यक्रम नयाँ खालको भए तापनि राम्रो भएको र कार्यक्रमले सर्वसाधारणमा बैंकिङ बानीको विकास गराउन ठुलो प्रेरणा मिलेको विचार व्यक्त गर्दै आगामी दिनमा पनि ग्रामीण क्षेत्र र समुदायस्तरमा यस्ता कार्यक्रम निरन्तर सञ्चालन गर्नुपर्ने सुझाव दिनुभयो ।

विराटनगर कार्यालयका उप-निर्देशक सृजना बास्तोलाले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुका साथै स्वागत मन्तव्य व्यक्त गर्नुभएको उक्त कार्यक्रम सोही कार्यालयका सहायक अनिष गुरागाईंले सञ्चालन गर्नुभएको थियो ।

# विराटनगरमा शपथग्रहण कार्यक्रम

विराटनगर कार्यालयका निर्देशक विनोदराज आचार्यले जीवन विकास लघु वित्त वित्तीय संस्था लिमिटेड, विराटनगरको सञ्चालक समितिका नवनियुक्त अध्यक्ष



विक्रमराज सुवेदीलाई २०७५ फागुन २८ गते पद तथा गोपनीयताको शपथग्रहण गराउनु भयो ।

सोही अवसरमा निर्देशक आचार्यको रोहवरमा अध्यक्ष सुवेदीले सञ्चालक समितिका अन्य सदस्यहरूलाई समेत पद तथा गोपनीयताको शपथग्रहण गराउनु भयो ।

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १२७ को उपदफा (२) बमोजिम जिल्ला स्थित (उपत्यका बाहिर) प्रधान कार्यालय भएका क्षेत्रीय वा जिल्लास्तरीय बैंक तथा वित्तीय संस्थाको सञ्चालक समितिको अध्यक्षको हकमा उक्त क्षेत्रमा अवस्थित नेपाल राष्ट्र बैंकका निर्देशक समक्ष पद तथा गोपनीयताको शपथ लिनुपर्ने व्यवस्था अनुसार उक्त कार्यक्रम सम्पन्न भएको हो ।

सो अवसरमा निर्देशक आचार्यले नवनियुक्त सञ्चालकहरूलाई बधाई ज्ञापन गर्दै सुदृढ संस्थागत सुशासन, ग्रामीण क्षेत्रमा वित्तीय पहुँच अभिवृद्धि गर्नुको साथै बैकिङ क्षेत्रमा गुणस्तरीय ऋण लगानी गर्न सुझाव दिनु भएको थियो ।

# विराटनगरमा ज्ञान आदानप्रदान

विराटनगर कार्यालयले २०७५ फागुन १२ गते कार्यालयको सभा हलमा तेस्रो ज्ञान आदानप्रदान कार्यक्रमको आयोजना गऱ्यो ।

कार्यालयका निर्देशक विनोदराज आचार्यको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा नबिल बैंक लिमिटेडका प्रदेश नं. १ का प्रमुख रोशन कोइराला र ग्लोबल आईएमई बैंक लिमिटेड विराटनगर शाखाका प्रबन्धक शशीशेखर शर्माले Letter Of Credit को सैद्धान्तिक र व्यावहारिक पक्ष समेटिएको वार्ता प्रस्तुत गर्नुभएको थियो । उपरोक्त वार्तामाथि कार्यक्रमका सहभागीहरूबीच छलफल गरिएको थियो ।

कार्यक्रममा कार्यालयका कर्मचारीहरूका साथै विराटनगरस्थित अन्य बैंकका कर्मचारीहरूको सहभागिता रहेको थियो ।



# डेपुटी गभर्नर शिवाकोटी मलेसियामा

डेपुटी गभर्नर चिन्तामणि शिवाकोटी SEACEN ले २०१९ मार्च २ मा मलेसियामा आयोजना गरेको SEACEN EXCO Interview Committee Meeting मा सहभागी हुनुभयो । उक्त बैठकमा भाग लिन उहाँ २०१९ फेब्रुअरी २८ मा त्यसतर्फ प्रस्थान गर्नुभई मार्च ४ मा काठमाडौं फर्कनु भएको थियो । उहाँका साथ सामान्य सेवा विभागका निर्देशक रुद्रबहादुर घिमिरे उक्त बैठकमा सहभागी हुनुहुन्थ्यो ।

# वैदेशिक तालिममा सहभागिता

विकास बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक भुवन कँडेल Deutche Bundesbank ले २०१९ फेब्रुअरी १८ देखि २२ सम्म जर्मनीमा आयोजना गरेको On-Site Banking Supervision विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

गभर्नरको कार्यालयका कार्यकारी निर्देशक डा. नेफिल मातङ्गि मास्के SAARCFINANCE ले २०१९ फेब्रुअरी २२ देखि २३ सम्म बंगलादेशमा आयोजना गरेको SAARCFINANCE Seminar मा सहभागी हुनुभयो । उक्त सेमिनारमा अनुसन्धान विभागका उप-निर्देशक पिताम्बर सापकोटा पनि सहभागी हुनुहुन्थ्यो ।

भुक्तानी प्रणाली विभागका कार्यकारी निर्देशक देवकुमार ढकाल National Bank of Serbia ले २०१९ मार्च ४ देखि ८ सम्म सर्बियामा आयोजना गरेको Operation Training at National Bank of Serbia to Learn CMA Installed RTGS System विषयक तालिम कार्यक्रममा सहभागी हुनुभयो । उक्त तालिममा सूचना प्रविधि विभागका निर्देशक शिवराम दवाडी र उप-निर्देशकहरू अजित रेग्मी तथा सहदेव चन्द र विदेशी विनिमय व्यवस्थापन विभागका उप-निर्देशक अरुणकुमार शाहको पनि सहभागिता रहेको थियो ।

जनशक्ति व्यवस्थापन विभागका कार्यकारी निर्देशक पिताम्बर भण्डारी IMF-STI ले २०१९ फेब्रुअरी २८ देखि मार्च १ सम्म मलेसियामा आयोजना गरेको Directors of Training Meeting मा सहभागी हुनुभयो । उक्त बैठकमा सोही विभागका निर्देशक तुलसीप्रसाद घिमिरे पनि सहभागी हुनुहुन्थ्यो ।

अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. गुणकर भट्ट ISCB ले २०१९ मार्च ४ देखि ६ सम्म टर्कीमा आयोजना गरेको Central Bank Communication: Building Knowledge and Trust in a Changing World विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

बैंक सुपरिवेक्षण विभागका निर्देशक रोशनकुमार सिग्देल BIS ले २०१९ मार्च १२ र १३ मा स्वीट्जरल्याण्डमा आयोजना गरेको FSI 20th Anniversary Conference: A Cross-Sectoral Reflection on the Past & Looking Ahead विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

बैंक तथा वित्तीय संस्था नियमन विभागका निर्देशक नरेन्द्रसिंह विष्ट IBFI ले २०१९ मार्च ११ देखि १५ सम्म फ्रान्समा आयोजना गरेको Consumer Protection, Financial Inclusion and Education विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

अर्थ मन्त्रालयमा काजमा रहनुभएका निर्देशक डा. रामशरण खरेल, मुद्रा व्यवस्थापन विभागका कायम मुकायम निर्देशक मुकुन्दराज पौडेल र सहायक निर्देशकद्वय कानुन महाशाखाका रेशमराज रेग्मी तथा बैंकर्स प्रशिक्षण केन्द्रका रमेशकुमार सुवेदी SEACEN ले २०१९ मार्च ४ देखि ८ सम्म इन्डोनेसियामा आयोजना गरेको International Macroeconomics Analysis विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

आन्तरिक लेखापरीक्षण विभागका उप-निर्देशक प्रद्युम्नकुमार खनाल CICTAB ले २०१९ फेब्रुअरी २४ देखि २८ सम्म बंगलादेशमा आयोजना गरेको Agriculture Financing and Rural Development विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

वित्तीय जानकारी एकाइका उप-निर्देशकद्वय रमेश आचार्य र देवेन्द्र गौतम Asia Pacific Group ले २०१९ मार्च ११ देखि १५ सम्म न्यूजिल्याण्डमा आयोजना गरेको APG Assessor Training मा सहभागी हुनुभयो ।

बैंक सुपरिवेक्षण विभागका उप-निर्देशक शरणकुमार अधिकारी IMF-STI ले २०१९ मार्च ४ देखि ८ सम्म सिंगापुरमा आयोजना गरेको Asset Classification and Provisioning from Prudential and IFRS Perspective विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

लघु वित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका उप-निर्देशक राजेन्द्रप्रसाद रिमाल २०१९ मार्च ११ देखि २९ सम्म दक्षिण कोरियामा आयोजना गरिएको G20 Global Leadership Program मा सहभागी हुनुभयो ।

विकास बैंक सुपरिवेक्षण विभागका उप-निर्देशक भुवनेश्वर भट्टराई Deutche Bundesbank ले २०१९ मार्च ११ देखि १३ सम्म जर्मनीमा आयोजना गरेको Stress Tests: Methods and Areas of Application विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

बैंक सुपरिवेक्षण विभागका उप-निर्देशक यज्ञबहादुर कटुवाल, सहायक निर्देशकहरू विदेशी विनिमय व्यवस्थापन विभागका जीवनराज त्रिपाठी तथा राजेशकुमार सुवेदी, बैंक तथा वित्तीय संस्था नियमन विभागका सुजन खनाल, आन्तरिक लेखापरीक्षण विभागका श्रीराम न्यौपाने र नेपालगञ्ज कार्यालयका भिमार्जुन शाह RBI Staff College ले भारतमा २०१९ मार्च ५ देखि ८ सम्म आयोजना गरेको Financial Stability & Macro-Prudential Regulation विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

बैंक तथा वित्तीय संस्था नियमन विभागका उप-निर्देशक उमा जोशी बोहोरा र सहायक निर्देशकद्वय मुद्रा व्यवस्थापन विभागका शान्ता पौडेल हुमागाई तथा गभर्नरको कार्यालयका पार्वती लामा थिङ CICTAB ले २०१९ मार्च ११ देखि १४ सम्म भारतमा आयोजना गरेको Women's Development through Income Generating Activities विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

अनुसन्धान विभागका उप-निर्देशक खगेश्वर भण्डारी Duetche Bundesbank ले २०१९ मार्च ११ देखि १५ सम्म अस्ट्रियामा आयोजना गरेको Monetary Policy Implementation विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

संस्थागत योजना विभागका सहायक निर्देशक राजकुमार खत्री IBFI ले २०१९ फेब्रुअरी २१ र २२ गते फ्रान्समा आयोजना गरेको Operational Risk Management in a Central Bank विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

मुद्रा व्यवस्थापन विभागका सहायक निर्देशक मनीराज श्रेष्ठ Department of Passport ले २०१९ फेब्रुअरी २० देखि २४ सम्म Malaysia मा आयोजना गरेको E-passport Technical Sub-Committee Subject Matter Study विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

# सहायक द्वितीय पदमा पदस्थापन

बैंकमा रिक्त रहेको प्रशासन सेवातर्फको सहायक (सहायक द्वितीय) पद संख्या ८ मूल्यांकन बढुवाको माध्यमद्वारा पूर्ति गर्ने सम्बन्धमा नेपाल राष्ट्र बैंक, कर्मचारी सेवा विनियमावलीमा भएको व्यवस्था अनुसार उक्त पदमा बढुवा हुनुभएका रमेशबहादुर पोडे, नविन आर्चाय र अर्जुनकुमार अधिकारीलाई सिद्धार्थनगर कार्यालयमा, राजु बुढाथोकी र मनोजकुमार महर्जनलाई सामान्य सेवा विभागमा, भवानी कार्कीलाई वित्तीय जानकारी एकाइमा, बालकृष्ण अर्याललाई बैंक तथा वित्तीय संस्था नियमन विभागमा तथा रीता अर्याल कटुवाललाई मुद्रा व्यवस्थापन विभागमा पदस्थापन गरिएको जनशक्ति व्यवस्थापन विभागले जनाएको छ ।

# अनिवार्य अवकाश

निर्देशकहरू वित्त व्यवस्थापन विभागका तेजबहादुर राना मगर, वित्त कम्पनी सुपरिवेक्षण विभागका भुवन बस्नेत, श्यामकृष्ण दाहाल तथा दिनेशकुमार सिंह र पोखरा कार्यालयका अमर अधिकारी, उप-निर्देशकहरू बैंक तथा वित्तीय संस्था नियमन विभागका निर्मलकुमार कार्की, राष्ट्र ऋण व्यवस्थापन विभागका पुष्पा भण्डारी बराल, लघु वित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका रत्नेश्वरलाल कर्ण, गभर्नरको कार्यालयका सुरेश पन्त, वित्त कम्पनी सुपरिवेक्षण विभागका सन्तोषकुमार लुइँटेल, वित्त व्यवस्थापन विभागका ताराप्रसाद ओझा, पोखरा कार्यालयका तिलबहादुर गुरुङ, बैंकिङ कार्यालयका दिलिपकुमार विश्वकर्मा तथा गेहेन्द्र कोइराला र आन्तरिक लेखापरीक्षण विभागका नृसिंहहरि दाहाल, सहायक निर्देशकहरू बैंकिङ कार्यालयका जगन्नाथ सुवेदी, एकराज सुवेदी, मनोहरप्रसाद तिमल्सेना तथा गंगालाल श्रेष्ठ, मुद्रा व्यवस्थापन विभागका लोकेशकुमार न्यौपाने, वीरगञ्ज कार्यालयका आनन्दकुमार उपाध्याय र गभर्नरको कार्यालयका निर्मला खतिवडा गुरागाईले नेपाल राष्ट्र बैंक, कर्मचारी सेवा विनियमावलीमा भएको व्यवस्था अनुसार ३० वर्षे सेवा अवधिका कारण बैंक सेवाबाट अनिवार्य अवकाश प्राप्त गर्नुभएको छ ।

# बैंक तथा वित्तीय संस्था अब...

सम्पत्ति शुद्धीकरण निवारण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रण र FIU IT Software System (goAML) को प्रभावकारी कार्यान्वयनका सम्बन्धमा वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीका प्रमुख कार्यकारी अधिकृतहरूलाई प्रशिक्षित गर्ने उद्देश्यले आयोजित उक्त



अन्तरक्रियामा वित्तीय जानकारी एकाइका निर्देशक रामु पौडेलले AML/CFT, FIU र FIU IT Software System (goAML) सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । goAML सफ्टवेयर मार्फत रिपोर्टिङ गर्ने कार्य वाणिज्य बैंकहरूमा लागू भइसकेको र विकास बैंक तथा वित्त कम्पनीहरूमा पनि लागू गर्न लागिएको चर्चा गर्दै उहाँले वाणिज्य बैंकहरूबाट भइरहेको रिपोर्टिङ सन्तोषजनक नभएको उल्लेख गर्नुभएको थियो । अन्तरक्रियामा उक्त कार्यपत्रमाथि छलफल गरिएको थियो ।

सो अवसरमा नेपाल बैंकर्स एसोसिएसनका अध्यक्ष ज्ञानेन्द्रप्रसाद ढुंगानाले सम्पत्ति शुद्धीकरण निवारण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रण सम्बन्धी व्यवस्था पालनामा बैंक तथा वित्तीय संस्थाहरूको लागत बढिरहेको चर्चा गर्दै FIU IT Software System (goAML) को सुरुआत गर्नमा आएको समस्या वित्तीय जानकारी एकाइको समन्वयमा समाधान गर्दै आएको बताउनु भएको थियो ।

कार्यक्रममा डेभलपमेण्ट बैंकर्स एसोसिएसन नेपालका अध्यक्ष गोविन्दप्रसाद ढकाल र नेपाल वित्तीय संस्था संघका अध्यक्ष सरोजकाजी तुलाधारले वित्तीय संस्थाहरूले कर्मचारीहरूलाई AML/CFT सम्बन्धमा प्रशिक्षित गराइरहेकोले सो सम्बन्धी निर्देशन पालना गर्न प्रतिबद्ध रहेको बताउनु भएको थियो ।

वित्तीय जानकारी एकाइका उप-निर्देशक देवेन्द्र गौतमले स्वागत मन्तव्य व्यक्त गर्नुभएको उक्त कार्यक्रम अर्का उप-निर्देशक चन्द्रमणि निरौलाले सञ्चालन गर्नुभएको थियो ।

# सरुवा

उप-निर्देशकहरू कानुन महाशाखाका निरा ताल्चाभडेल र अनुसन्धान विभागका पिताम्बर सापकोटा मुद्रा व्यवस्थापन विभागमा तथा विदेशी विनिमय व्यवस्थापन विभागका अरुणकुमार शाह वित्त व्यवस्थापन विभागमा, सहायक निर्देशकद्वय बैंकर्स प्रशिक्षण केन्द्रका श्रुती सिंह र पोखरा कार्यालयका पोष्टराज निरौला बैंक सुरिवेक्षण विभागमा सरुवा हुनुभएको छ ।

# कार्यालय सहयोगी प्रथम पदमा बढुवा

नेपाल राष्ट्र बैंक, कर्मचारी सेवा विनियमावलीमा भएको व्यवस्था अनुसार कार्यालय सहयोगी द्वितीय पदमा कार्यरत देहायका कर्मचारीहरूलाई कार्यालय सहयोगी प्रथम पदमा बढुवा गर्ने निर्णय गरिएको जनशक्ति व्यवस्थापन विभागको २०७५ फागुन २७ गतेको परिपत्रमा उल्लेख छ ।

यस अनुरूप कार्यालय सहयोगी द्वितीय पदमा कार्यरत धनगढी कार्यालयका धनिराम चौधरी, अनुसन्धान विभागका हिरामान श्रेष्ठ, सिद्धार्थनगर कार्यालयका गंगाधर पोखेल, बैंकिङ कार्यालयका हिरालक्ष्मी नेपाली, नेपालगञ्ज कार्यालयका राजेन्द्रबहादुर बुढाथोकी तथा सुरजबहादुर गुरुङ, जनकपुर कार्यालयका पञ्चलाल यादव, कानुन महाशाखाका ज्ञानी नेपाली, विकास बैंक सुपरिवेक्षण विभागका झनप्रसाद कोइराला र विदेशी विनिमय व्यवस्थापन विभागका साउचा पोडेलाई कार्यालय सहयोगी प्रथम पदमा बढुवा गरिएको छ ।

समाचार उहाँहरूलाई बधाई ज्ञापन गर्दछ ।

# बैंकिङ क्षेत्रका कर्मचारी इमान्दार र नैतिकवान् हुनुपर्ने – गभर्नर डा. नेपाल

गभर्नर डा. चिरंजीबि नेपालले बैंक तथा वित्तीय संस्थाहरूमा काम गर्ने कर्मचारी इमान्दार र नैतिकवान् हुनुपर्ने बताउनु भएको छ ।




नेशनल बैंकिङ इन्स्टिच्युट (एनबीआई) को १० औं वार्षिकोत्सवको अवसरमा उक्त संस्थाले २०७५ फागुन ४ गते काठमाडौंमा आयोजना गरेको वाकाथन कार्यक्रमको समापन समारोहलाई सम्बोधन गर्दै गभर्नर डा. नेपालले कर्मचारी दक्ष भएमा बैंकिङ क्षेत्र राम्रो हुने धारणा व्यक्त गर्नुभयो ।

मुलुकको वित्तीय क्षेत्रमा सक्षमता र पारदर्शिता हासिल भएमा सुशासनको अवस्था राम्रो हुने उल्लेख गर्दै उहाँले नेपाली बैंकिङ क्षेत्रलाई अन्तर्राष्ट्रियस्तरको बनाउनको लागि बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन (बाफिया) मा आवश्यक संशोधन गर्नुपर्नेमा जोड दिनुभयो ।

बैंकिङ क्षेत्रले देशको आर्थिक अवस्था दर्शाउने भएकोले नेपाली बैंकिङ क्षेत्रलाई विश्वासिलो बनाउन अति आवश्यक रहेको बताउँदै उहाँले नेपालको बैंकिङ क्षेत्रका लागि आवश्यक सक्षम र दक्ष जनशक्ति उत्पादन गर्न महत्वपूर्ण योगदान गर्दै आएको एनबीआईको तालिम कार्यक्रम आधुनिक र समयसापेक्ष परिमार्जन गर्दै लैजानु पर्ने बताउनु भयो ।

कार्यक्रममा पूर्व गभर्नर दीपेन्द्रबहादुर क्षेत्रीले नेपालको बैंकिङ क्षेत्र अधिकतम पारदर्शिता कायम गर्दै अग्रसर भएको संगठित क्षेत्र भएको चर्चा गर्दै यस क्षेत्रलाई एकदम बलियो र विश्वस्त हुनसक्ने किसिमको बनाउन नियामक संस्था नेपाल राष्ट्र बैंक र बैंकिङ क्षेत्र आफैले पनि भरमग्दुर प्रयत्न गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

मुद्रा व्यवस्थापन विभागका कार्यकारी निर्देशक एवम् एनबीआईका अध्यक्ष लक्ष्मीप्रपन्न निरौलाले नेपालको बैंकिङ क्षेत्रमा कार्यरत कर्मचारीहरूलाई उपयुक्त तालिम कार्यक्रम सञ्चालन मार्फत एनबीआईले सहयोग पुऱ्याइरहेको चर्चा गर्दै बैंक तथा वित्तीय संस्थाहरूमा सर्वसाधारणको लगानी तथा निक्षेपको हिस्सा बढी हुने भएकोले ती संस्थाहरूले सामाजिक उत्तरदायित्वलाई पनि ध्यान दिनु जरुरी भएको बताउनु भयो ।

कार्यक्रममा अध्यक्ष निरौलाले बैंकिङ क्षेत्रको समस्या पहिचानका साथै समग्र बैंकिङ क्षेत्रलाई फाइदा पुऱ्याउने विषयमा शोध गर्ने विद्यार्थीहरूलाई संस्थाको तर्फबाट १० लाख रूपैयाँ आर्थिक सहयोग गर्ने जानकारी दिनुभयो ।

नेपाल बैंकर्स संघका अध्यक्ष ज्ञानेन्द्रप्रसाद ढुंगानाको उपस्थिति रहेको उक्त कार्यक्रममा एनबीआईका प्रमुख कार्यकारी अधिकृत संजीव सुब्बाले एनबीआईको पृष्ठभूमि र वर्तमान अवस्थाको बारेमा जानकारी दिनुभएको थियो ।

बैंकिङ क्षेत्रमा आचारसंहिता भन्ने नारा सहित काठमाडौंको त्रिपुरेश्वरस्थित दशरथ रंगशालाबाट सुरु भई नक्साल, नारायण चौरमा टुंगिएको उक्त वाकाथनमा विभिन्न बैंक तथा वित्तीय संस्थाका कर्मचारीहरूका साथै एनबीआईका पदाधिकारीहरू र अन्य सरोकारवालाहरूको सहभागिता रहेको थियो ।



**प्रकाशक**
नेपाल राष्ट्र बैंक गभर्नरको कार्यालय, जनसम्पर्क महाशाखा
बालुवाटार, काठमाण्डौं, फोन : ४४१९८०४, Ext.: १४०/३६२
ईमेल : samachar@nrb.org.np, वेवसाईट : www.nrb.org.np

**सम्पादक**
रामकाजी खाइजू

**सम्पादन सहयोगी**
समिता श्रेष्ठ
नवीना ताम्राकार
सिर्जना थापा

मुद्रण : अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६११६, ५७०५५१८